# नेपाल राष्ट्र बैंक

## केन्द्रीय कार्यालय


# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०७१/७२ को चार महिनासम्मको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

1. आर्थिक वर्ष २०७१/७२ को चार महिनासम्ममा विस्तृत मुद्राप्रदाय २.८ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त मुद्राप्रदाय ६.४ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा संकुचित मुद्राप्रदाय ०.५ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्राप्रदाय ७.३ प्रतिशतले बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०७१ कार्तिक मसान्तमा विस्तृत मुद्राप्रदाय १५.० प्रतिशत र संकुचित मुद्राप्रदाय ९.० प्रतिशतले वृद्धि भएको छ ।




2. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रु. ६ अर्ब १८ करोड (१.० प्रतिशत) ले मात्र बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रु. ६४ अर्ब ४४ करोड (१३.८ प्रतिशत) ले बढेको थियो । समीक्षा अवधिमा विप्रेषण आप्रवाहको वृद्धिदरमा कमी आउनुका साथै आयात समेत उच्च दरले बढेकाले खुद वैदेशिक सम्पत्तिको विस्तारमा संकुचन आएको हो ।

### कुल आन्तरिक कर्जा


3. आर्थिक वर्ष २०७१/७२ को चार महिनासम्ममा कुल आन्तरिक कर्जा २.२ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त कर्जा ०.१ प्रतिशतले बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०७१ कार्तिक मसान्तमा यस्तो कर्जा १४.९ प्रतिशतले बढेको छ । समीक्षा अवधिमा निजी क्षेत्रतर्फको कर्जा उल्लेख्य रुपमा विस्तार भएकोले कुल आन्तरिक कर्जा अघिल्लो वर्षभन्दा बढेको हो । समीक्षा अवधिमा निजी क्षेत्रतर्फको कर्जा ६.४ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ५.१ प्रतिशतले बढेको थियो । वार्षिक विन्दुगत आधारमा निजी क्षेत्रतर्फको कर्जा २०७१ कार्तिक महिनामा १९.७ प्रतिशतले बढेको छ ।

## सञ्चित मुद्रा

4. समीक्षा अवधिमा सञ्चित मुद्रा ११.३ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रा १४.० प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकको खुद वैदेशिक सम्पत्तिको विस्तारमा संकुचन आएकोले सञ्चित मुद्रा घटेको हो । वार्षिक विन्दुगत आधारमा पनि २०७१ कार्तिक मसान्तमा उक्त मुद्रा ४.१ प्रतिशतले घटेको छ ।

## बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप परिचालनको स्थिति

5. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप २.९ प्रतिशत (रु. ४० अर्ब ११ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा निक्षेप ५.० प्रतिशत (रु. ५८ अर्ब ८७ करोड) ले बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०७१ कार्तिक मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुको निक्षेप १६.० प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा वाणिज्य बैंक र वित्त कम्पनीहरुको निक्षेप क्रमशः ४.१ प्रतिशत र १.५ प्रतिशतले बढेको छ भने विकास बैंकहरुको निक्षेप ४.७ प्रतिशतले घटेको छ । केही विकास बैंकहरु वाणिज्य बैंकहरुमा मर्ज भएकोले समीक्षा अवधिमा विकास बैंकहरुको निक्षेप परिचालन घटेको देखिएको हो । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुको निक्षेप क्रमशः ४.५ प्रतिशत, ९.५ प्रतिशत र ६.९ प्रतिशतले बढेको थियो ।




## बैंक तथा वित्तीय संस्थाहरुको कर्जा प्रवाहको स्थिति

6. आर्थिक वर्ष २०७१/७२ को चार महिनासम्ममा बैंक तथा वित्तीय संस्थाहरुको कर्जा तथा लगानी ५.९ प्रतिशत (रु. ७७ अर्ब ७७ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा तथा लगानी ३.६ प्रतिशत (रु. ४१ अर्ब ८ करोड) ले बढेको थियो । समीक्षा अवधिमा वाणिज्य बैंक र वित्त कम्पनीहरुको कर्जा तथा लगानी क्रमशः ७.९ प्रतिशत र ३.१ प्रतिशतले बढेको छ भने विकास बैंकहरुको कर्जा तथा लगानी २.८ प्रतिशतले घटेको छ । माथि उल्लेख भएझैं केही विकास बैंकहरु वाणिज्य बैंकहरुमा मर्ज भएकोले विकास बैंकहरुबाट प्रवाहित कर्जा तथा लगानी घटेको हो । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ६.० प्रतिशत (रु. ६६ अर्ब ५२ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा ४.७ प्रतिशत (रु. ४४ अर्ब ४० करोड) ले बढेको थियो । वार्षिक विन्दुगत आधारमा २०७१ कार्तिक मसान्तमा बैंक तथा वित्तीय संस्थाहरुबाट निजी क्षेत्रमा प्रवाहित कर्जा २०.१ प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा निजी क्षेत्रतर्फ प्रवाहित कर्जामध्ये वाणिज्य बैंकहरुको कर्जा प्रवाह ८.५ प्रतिशतले बढेको छ भने विकास बैंक र वित्त कम्पनीहरुको कर्जा प्रवाह क्रमशः ४.८ प्रतिशत र १.२ प्रतिशतले घटेको छ ।

7. समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाहरूबाट निजी क्षेत्रमा प्रवाहित कर्जामध्ये औद्योगिक उत्पादन क्षेत्रतर्फको कर्जा रु. १८ अर्ब ९५ करोडले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रतर्फको कर्जा रु. १० अर्ब ४५ करोडले बढेको थियो । समीक्षा अवधिमा थोक तथा खुद्रा व्यापारतर्फको कर्जा रु. १९ अर्ब ७८ करोडले, निर्माण क्षेत्रतर्फको कर्जा रु. ८ अर्ब ९९ करोडले र यातायात, सञ्चार तथा सार्वजनिक सेवा

क्षेत्रतर्फको रु. ३ अर्ब २५ करोडले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा थोक तथा खुद्रा व्यापारतर्फको कर्जा रु. १२ अर्ब ९६ करोडले, निर्माण क्षेत्रतर्फको कर्जा रु. ५ अर्ब २० करोडले र यातायात, सञ्चार तथा सार्वजनिक सेवा क्षेत्रतर्फको कर्जा रु. ८९ करोडले बढेको थियो । त्यसैगरी, अघिल्लो वर्षको सोही अवधिमा कृषि क्षेत्रतर्फको कर्जा रु. १ अर्ब ५१ करोडले बढेको तुलनामा समीक्षा अवधिमा रु. २ अर्ब ८४ करोडले बढेको छ ।

**तरलता व्यवस्थापन**

8. आर्थिक वर्ष २०७१/७२ को चार महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार (वाणिज्य बैंकहरु) बाट अमेरिकी डलर १ अर्ब १० करोड खुद खरिद गरी रु. १०० अर्ब ९८ करोड बराबरको खुद तरलता प्रवाह गरेको छ । अघिल्लो वर्षको सोही अवधिमा विदेशी विनिमय बजारबाट अमेरिकी डलर १ अर्ब २३ करोड खुद खरिद गरी रु. १२३ अर्ब ५२ करोडको खुद तरलता प्रवाह गरेको थियो ।

9. समीक्षा अवधिमा अमेरिकी डलर १ अर्ब १८ करोड बिक्री गरी रु. ११५ अर्ब १३ करोड बराबरको भा.रु. खरिद गरिएको छ । अघिल्लो वर्षको सोही अवधिमा अमेरिकी डलर १ अर्ब ६ करोड बिक्री गरी रु. १०५ अर्ब ३४ करोड बराबरको भा.रु. खरिद भएको थियो ।

10. आर्थिक वर्ष २०७१/७२ को चार महिनासम्ममा पटक-पटक गरी निक्षेप बोलकबोलमार्फत् रु. ४० अर्ब तथा रिभर्स रिपोमार्फत् रु. १९८ अर्बको तरलता प्रशोचन गरिएको छ । अघिल्लो वर्षको सोही अवधिमा रिभर्स रिपोमार्फत् रु. ३५ अर्बको तरलता प्रशोचन गरिएको थियो । चालू आर्थिक वर्षको मौद्रिक नीतिमा उल्लेख भए बमोजिम २०७१ भदौ महिनादेखि तरलता प्रशोचन गर्न नयाँ उपकरणको रुपमा निक्षेप बोलकबोललाई प्रयोगमा ल्याइएको छ ।

**अन्तर-बैंक कारोबार र स्थायी तरलता सुविधाको उपयोग**

11. आर्थिक वर्ष २०७१/७२ को चार महिनासम्ममा वाणिज्य बैंकहरुले रु. १२६ अर्ब ७४ करोड र अन्य वित्तीय संस्थाहरू (वाणिज्य बैंकहरुबीच बाहेक) ले रु. ६१ अर्ब ३३ करोड बराबरको अन्तर-बैंक कारोबार गरेका छन् । अघिल्लो वर्षको सोही अवधिमा वाणिज्य बैंकहरु र अन्य वित्तीय संस्थाहरूले क्रमश: रु. ५७ अर्ब ४८ करोड र रु. ४३ अर्ब ९५ करोड बराबरको यस्तो कारोबार गरेका थिए । समीक्षा अवधिमा स्थायी तरलता सुविधाको भने उपयोग भएको छैन ।

**ब्याजदर**


12. २०७० कार्तिकको तुलनामा २०७१ कार्तिकमा ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर र अन्तर-बैंक कारोबारको ब्याजदरहरु सीमान्त रुपले बढेका छन् । ९१-दिने ट्रेजरी विलको भारित औसत ब्याजदर २०७० कार्तिकमा ०.०३ प्रतिशत रहेकोमा २०७१ कार्तिकमा ०.५२३५ प्रतिशत कायम रहेको छ । त्यसैगरी, वाणिज्य बैंकहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर २०७० कार्तिकमा ०.२२ प्रतिशत रहेकोमा २०७१ कार्तिकमा ०.४२ प्रतिशत रहेको छ । अन्य वित्तीय संस्थाहरुबीचको अन्तर-बैंक कारोबारको भारित औसत ब्याजदर भने २०७० कार्तिकमा २.६५ प्रतिशत रहेको तुलनामा सीमान्त रुपले घटी २०७१ कार्तिकमा २.४१ प्रतिशत कायम रहेको छ ।

13. ब्याजदर अन्तर गणना गर्ने संशोधित विधि अनुसार २०७१ कार्तिकमा वाणिज्य बैंकहरुको भारित औसत ब्याजदर अन्तर ४.४९ प्रतिशत रहेको छ । अघिल्लो महिना यस्तो ब्याजदर अन्तर ४.८३ प्रतिशत रहेको

थियो । त्यसैगरी, वाणिज्य बैंकहरुको औसत आधार दर २०७० कार्तिकको ९.०३ प्रतिशतको तुलनामा २०७१ कार्तिकमा ७.४६ प्रतिशत कायम हुन आएको छ ।


## धितोपत्र बजार

14. नेप्से सूचकाङ्क वार्षिक विन्दुगत आधारमा ४४.३ प्रतिशतले वृद्धि भई २०७१ कार्तिक मसान्तमा ८६६.२ विन्दुमा पुगेको छ । सो सूचकाङ्क अघिल्लो वर्षको सोही अवधिमा २४.८ प्रतिशतले वृद्धि भई २०७० कार्तिक मसान्तमा ६००.३ विन्दु कायम भएको थियो ।




15. धितोपत्रको बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा ४५.९ प्रतिशतले वृद्धि भई २०७१ कार्तिक मसान्तमा रु. ८८८ अर्ब ७० करोड कायम भएको छ । २०७१ कार्तिक मसान्तमा कायम बजार पूँजीकरणको आर्थिक वर्ष २०७०/७१ को कुल गार्हस्थ्य उत्पादनसंगको अनुपात ४६.१ प्रतिशत रहेको छ । २०७० कार्तिक मसान्तमा यस्तो अनुपात ३६.० प्रतिशत रहेको थियो ।

16. २०७१ कार्तिक मसान्तमा कायम रहेको बजार पूँजीकरणमा बैंक तथा वित्तीय संस्थाहरूको (बीमाकम्पनीहरु सहित) अंश ७७.१ प्रतिशत रहेको छ भने उत्पादन तथा प्रशोधन क्षेत्रको २.५ प्रतिशत, होटलहरूको २.८ प्रतिशत, व्यापारिक संस्थाहरूको ०.१ प्रतिशत, जलविद्युत क्षेत्रको ७.४ प्रतिशत र अन्यको १०.१ प्रतिशत रहेको छ ।





17. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको संख्या २०७० कार्तिक मसान्तसम्ममा २३४ रहेकोमा २०७१ कार्तिक मसान्तसम्ममा २३५ पुगेको छ । सूचीकृत कम्पनीहरूमध्ये २०१ वटा बैंक तथा वित्तीय संस्था (बीमा कम्पनी समेत) रहेका छन् भने १८ वटा उत्पादन र प्रशोधन उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था, ६ वटा जलविद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

18. नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत कम्पनीहरूको चुक्ता पूँजी वार्षिक विन्दुगत आधारमा १४.७ प्रतिशतले बढी २०७१ कार्तिक मसान्तमा रु. १५२ अर्ब ५५ करोड पुगेको छ । चालू आर्थिक वर्षको चार महिनामा रु. १ अर्ब ४४ करोड बराबरको साधारण शेयर, रु. ६७ करोड २५ लाख बराबरको हकप्रद शेयर, रु. २ अर्ब ८ करोड बराबरको बोनस शेयर गरी कुल रु. ४ अर्ब १९ करोड बराबरको धितोपत्र सूचीकृत भएको छ ।

# मुद्रास्फीति र तलब तथा ज्यालादर

## उपभोक्ता मुद्रास्फीति

19. आर्थिक वर्ष २०७१/७२ को कार्तिक महिनामा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ७.२ प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति १०.० प्रतिशत रहेको थियो । समीक्षा अवधिमा वार्षिक विन्दुगत आधारमा खाद्य तथा पेय पदार्थको मूल्य सूचकाङ्क वृद्धिदर ९.९ प्रतिशत रहेको छ भने गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क वृद्धिदर ४.८ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यी समूहहरुको मूल्य सूचकाङ्क क्रमशः १३.५ प्रतिशत र ६.९ प्रतिशतले वृद्धि भएको थियो ।




चार्ट ५: उपभोक्ता मुद्रास्फीति (चार महिना)

20. समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये सुर्तीजन्य पदार्थ उप-समूहको मूल्य सूचकाङ्कको वृद्धिदर सबैभन्दा बढी अर्थात २३.५ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा ९.९ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्षको सोही अवधिमा क्रमशः ९.६ प्रतिशत र १५.३ प्रतिशतले वृद्धि भएको मदिराजन्य पदार्थ उप-समूह र फलफूल उप-समूहको मूल्य सूचकाङ्क समीक्षा अवधिमा क्रमशः १९.४ प्रतिशत र १३.४ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी, समीक्षा अवधिमा खाद्य तथा खाद्यजन्य पदार्थ उप-समूहको मूल्य सूचकाङ्कमा १२.७ प्रतिशतले वृद्धि भएको छ भने दाल तथा गेडागुडी उप-समूहको विन्दुगत मूल्य सूचकाङ्कमा ११.७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा खाद्य तथा खाद्यजन्य पदार्थ उप-समूहको मूल्य सूचकाङ्कमा १२.६ प्रतिशतले वृद्धि भएको थियो भने दाल तथा गेडागुडी उप-समूहको मूल्य सूचकाङ्कमा ३.५ प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्षको सोही अवधिमा १.२ प्रतिशतले बढेको घ्यू तथा तेल उप-समूहको मूल्य सूचकाङ्क समीक्षा अवधिमा ०.१ प्रतिशतले घटेको छ ।

21. समीक्षा अवधिमा गैर-खाद्य तथा सेवा समूहका वस्तुहरुमध्ये लत्ता कपडा तथा जुत्ता-चप्पल उप-समूहको मूल्य सूचकाङ्क सबैभन्दा बढी अर्थात ७.६ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस उप-समूहको मूल्य सूचकाङ्कमा ११.७ प्रतिशतले वृद्धि भएको थियो । त्यस्तै, समीक्षा अवधिमा स्वास्थ्य उप-समूह र फर्निसिङ्ग तथा घरायसी उपकरण उप-समूहको मूल्य सूचकाङ्कमा क्रमशः ६.९ प्रतिशत र ६.४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः ५.७ प्रतिशत र ९.५ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा अन्य वस्तु तथा सेवा उप-समूह र शिक्षा उप-समूहको मूल्य सूचकाङ्कमा क्रमशः ५.८ प्रतिशत र ५.५ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उल्लिखित दुबै उप-समूहहरुको मूल्य सूचकाङ्कमा क्रमशः ८.३ प्रतिशत र ७.८ प्रतिशतले वृद्धि भएको थियो ।

22. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा तराई र पहाड दुबै क्षेत्रहरुको मूल्य सूचकाङ्कमा ७.२ प्रतिशतले वृद्धि भएको छ भने काठमाण्डौ उपत्यकाको मूल्य सूचकाङ्कमा ७.१ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मूल्य सूचकाङ्कहरुको वृद्धिदर तराईमा १०.६ प्रतिशत र पहाडमा ८.४ प्रतिशत रहेको थियो भने काठमाडौं उपत्यकामा १०.४ प्रतिशत रहेको थियो ।

### थोक मुद्रास्फीति




23. आर्थिक वर्ष २०७१/७२ को कार्तिक महिनामा वार्षिक विन्दुगत थोक मुद्रास्फीति दर ६.७ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ७.६ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा थोक मूल्य अन्तर्गत कृषिजन्य वस्तुहरुको मूल्य सूचकाङ्क ८.७ प्रतिशतले, स्वदेशमा उत्पादित वस्तुहरुको मूल्य सूचकाङ्क ६.२ प्रतिशतले र आयातीत वस्तुहरुको मूल्य सूचकाङ्क ३.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा कृषिजन्य वस्तुहरुको मूल्य सूचकाङ्क १०.५ प्रतिशत, स्वदेशमा उत्पादित वस्तुहरुको मूल्य सूचकाङ्क ४.९ प्रतिशत र आयातीत वस्तुहरुको मूल्य सूचकाङ्क ३.६ प्रतिशत रहेको थियो ।

### राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क

24. समीक्षा अवधिमा वार्षिक विन्दुगत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क ९.४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सूचकाङ्क १०.७ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा तलब सूचकाङ्क ७.६ प्रतिशतले वृद्धि भएको छ भने ज्यालादर सूचकाङ्क ९.९ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा तलब सूचकाङ्कमा २६.४ प्रतिशत र ज्यालादर सूचकाङ्कमा ७.२ प्रतिशतले वृद्धि भएको थियो ।

25. समीक्षा अवधिमा तलब अन्तर्गत निजामती सेवा, शिक्षा र सैनिक तथा प्रहरी बल उप-समूहहरुको तलब सूचकाङ्क क्रमशः ९.७ प्रतिशत, ९.१ प्रतिशत र ८.५ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै, ज्यालादर अन्तर्गत औद्योगिक मजदुर, निर्माण मजदुर र कृषि मजदुरको ज्यालादर सूचकाङ्क क्रमशः १७.३ प्रतिशत, १६.१ प्रतिशत र ५.६ प्रतिशतले वृद्धि भएको छ ।

## सरकारी वित्त स्थिति *


### बजेट घाटा/बचत

26. आर्थिक वर्ष २०७१/७२ को चार महिनासम्ममा नगद प्रवाहमा आधारित सरकारी बजेट रु. ४४ अर्ब ८२ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी बजेट रु. ३७ अर्ब १४ करोडले बचतमा रहेको थियो । समीक्षा अवधिमा स्रोत परिचालनको तुलनामा सरकारी खर्च न्यून रहेकोले सरकारी बजेट बचतमा रहेको हो ।

* नेपाल राष्ट्र बैंकका ८ वटा कार्यालयहरु, सरकारी कारोबार गर्ने राष्ट्रिय वाणिज्य बैंकका ६६ वटा शाखाहरु, नेपाल बैंक लिमिटेडका ४४ वटा शाखाहरु, एभरेष्ट बैंक लिमिटेडका ९ वटा शाखाहरु, ग्लोबल आईएमई बैंक लिमिटेडका ४ वटा शाखाहरु, नेपाल बंगलादेश बैंक लिमिटेड, एनएमबी बैंक लिमिटेड र बैंक अफ काठमाडौंको १/१ शाखाहरु र ७९ वटा को.ले.नि.का. तथा भुक्तानी केन्द्रहरुबाट प्राप्त विवरणको आधारमा तयार गरिएको ।

## सरकारी खर्च

27. समीक्षा अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च ७.८ प्रतिशतले वृद्धि भई रु. ७९ अर्ब ५६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी खर्च ४.९ प्रतिशतले वृद्धि भई रु. ७३ अर्ब ८२ करोड पुगेको थियो । चालू तथा पूँजीगत दुवै खर्चमा वृद्धि भएको कारण कुल सरकारी खर्चमा वृद्धि भएको हो ।





28. समीक्षा अवधिमा चालू खर्च ७.० प्रतिशतले वृद्धि भई रु. ७२ अर्ब ५४ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो खर्च ३२.० प्रतिशतले वृद्धि भएको थियो ।

29. समीक्षा अवधिमा पूँजीगत खर्च १९.० प्रतिशतले वृद्धि भई रु. ४ अर्ब ६६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा पूँजीगत खर्च १०.९ प्रतिशतले वृद्धि भएको थियो । १८ औं सार्क शिखर सम्मेलनको तयारीको क्रममा भएका विकास निर्माण खर्चको कारण समेत पूँजीगत खर्चको वृद्धिदर बढेको हो ।

## सरकारी राजस्व

30. आर्थिक वर्ष २०७१/७२ को चार महिनासम्ममा नेपाल सरकारको राजस्व २१.८ प्रतिशतले वृद्धि भई रु. ११४ अर्ब ८९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो राजस्व २०.९ प्रतिशतले वृद्धि भई रु. ९४ अर्ब ३२ करोड पुगेको थियो । समीक्षा अवधिमा भन्सार तथा आयकर राजस्वको वृद्धिदर अघिल्लो वर्षको सोही अवधिको तुलनामा वृद्धि भएको कारण समग्र राजस्वको वृद्धिदरमा विस्तार आएको हो ।




31. समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर राजस्व १८.२ प्रतिशतले वृद्धि भई रु. ३७ अर्ब १० करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा सो वृद्धिदर १९.७ प्रतिशत रहेको थियो ।

32. समीक्षा अवधिमा भन्सार महसूलबाट प्राप्त हुने राजस्व २१.६ प्रतिशतले वृद्धि भई रु. २४ अर्ब ३५ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा सो राजस्व १२.३ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा आयातमा वृद्धि भएको कारण भन्सार राजस्वको वृद्धिदरमा विस्तार आएको हो ।

33. समीक्षा अवधिमा अन्तःशुल्क राजस्व २०.२ प्रतिशतले वृद्धि भई रु. १६ अर्ब ८९ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो राजस्व २०.४ प्रतिशतले वृद्धि भएको थियो ।

34. समीक्षा अवधिमा आयकर राजस्व २८.१ प्रतिशतले वृद्धि भई रु. १६ अर्ब २७ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो राजस्व १२.२ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा अवधिमा आयकर प्रशासनमा भएको सुधारको प्रभाव एवं करदाता शिक्षा मार्फत जनचेतनामा भएको अभिवृद्धिका कारण आयकर राजस्वमा वृद्धि भएको हो।

35. समीक्षा अवधिमा नेपाल सरकारको गैर-कर राजस्व ६.१ प्रतिशतले वृद्धि भई रु. ११ अर्ब ८७ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा गैर-कर राजस्व ४७.३ प्रतिशतले वृद्धि भएको थियो। समीक्षा अवधिमा भाडा र रोयल्टीको वृद्धिदर अघिल्लो वर्ष भन्दा कम दरले बढेको, वस्तु तथा सेवा बिक्रीबाट प्राप्त रकम, ब्याज तथा लाभांश वापत् सरकारलाई प्राप्त हुने रकम घटेको कारण समग्र गैर-कर राजस्वको वृद्धिदर अघिल्लो वर्षभन्दा कम रहन गएको हो।


### वैदेशिक नगद ऋण र अनुदान

36. आर्थिक वर्ष २०७१/७२ को चार महिनासम्ममा नेपाल सरकारलाई वैदेशिक नगद ऋणवापत् रु. २ अर्ब ६ करोड र वैदेशिक नगद अनुदानवापत रु. ३ अर्ब ८५ करोड प्राप्त भएको छ। अघिल्लो वर्षको सोही अवधिमा ती शीर्षकहरुमा क्रमशः रु. ८ अर्ब ९१ करोड र रु. १३ अर्ब २६ करोड प्राप्त भएको थियो।

## वाह्य क्षेत्र

### वैदेशिक व्यापार

37. आर्थिक वर्ष २०७१/७२ को चार महिनासम्ममा कुल वस्तु निर्यात ०.२ प्रतिशतको सीमान्त दरले ह्रास आई रु. २९ अर्ब ५५ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यात ११.९ प्रतिशतले बढी रु. २९ अर्ब ६० करोड रहेको थियो। मासिक रुपमा हेर्दा चालू आर्थिक वर्षको कार्तिक महिनामा कुल वस्तु निर्यात असोज महिनाको तुलनामा १३.५ प्रतिशतले घटेको छ।




38. कुल वस्तु निर्यातमध्ये भारततर्फको निर्यात अघिल्लो वर्षको सोही अवधिको १८.० प्रतिशत वृद्धिको विपरीत समीक्षा अवधिमा ४.९ प्रतिशतले घटेको छ। अलैंची, जिङ्क शिट, जुटका सामान, तामाको तार लगायतका वस्तुहरुको निर्यातमा आएको ह्रासका कारण भारततर्फको निर्यात घट्न गएको हो। त्यसैगरी, चीनतर्फको निर्यात अघिल्लो वर्षको सोही अवधिको २७.१ प्रतिशत ह्रासको विपरीत समीक्षा अवधिमा ८१.९ प्रतिशतको उच्च दरले बढेको छ। प्रशोधित छाला, उनी गलैंचा, हस्तकलाका सामान, तयारी पोशाक लगायतका वस्तुहरुको निर्यातमा भएको वृद्धिका कारण चीनतर्फको निर्यात बढेको हो। त्यस्तै, अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्षको सोही अवधिको ५.१ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ३.५ प्रतिशतले बढेको छ। विशेषतः दाल, तयारी पोशाक, चिया, नेपाली कागज तथा कागजका सामान लगायतका वस्तुहरुको निर्यातमा भएको वृद्धिका कारण समीक्षा अवधिमा अन्य मुलुकतर्फको निर्यात बढ्न गएको हो। अमेरिकी डलरमा भने अन्य मुलुकतर्फको वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिको ७.७ प्रतिशत ह्रासको विपरीत समीक्षा अवधिमा ५.५ प्रतिशतले बढी अमेरिकी डलर १० करोड ६० लाख पुगेको छ।

39. समीक्षा अवधिमा कुल वस्तु आयात २३.५ प्रतिशतले बढेर रु. २५६ अर्ब ९१ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात १६.४ प्रतिशतले वृद्धि भई रु. २०८ अर्ब ९ करोड रहेको थियो । मासिक रुपमा हेर्दा कार्तिक महिनामा कुल वस्तु आयात असोज महिनाको तुलनामा १.९ प्रतिशतले घटेको छ ।

40. कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्षको सोही अवधिको २०.२ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा २०.६ प्रतिशतले बढेको छ । भारतबाट मुख्यतयाः एम.एस विलेट, पेट्रोलियम पदार्थ, चामल, यातायात साधन तथा पाटपूर्जा लगायतका वस्तुहरुको आयात बढेको कारण त्यसतर्फको आयात बढेको हो । साथै, चीनबाट भएको आयात अघिल्लो वर्षको सोही अवधिको ७.९ प्रतिशत ह्रासको विपरीत समीक्षा अवधिमा ४९.५ प्रतिशतको उच्च दरले बढेको छ । चीनबाट मुख्यतयाः दूरसञ्चारका उपकरण तथा पाटपूर्जा, रासायनिक मल, अन्य मेशिनरी तथा पाटपूर्जा, भिडियो टेलिभिजन र पाटपूर्जा लगायतका वस्तुहरुको आयात बढेको कारण सो मुलुकबाट भएको आयात उच्च दरले बढेको हो । त्यसैगरी, अन्य मुलुकबाट भएको आयात अघिल्लो वर्षको सोही अवधिको १९.७ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा २०.० प्रतिशतले बढेको छ । अन्य मुलुकबाट विशेषगरी चाँदी, खानेतेल, दूरसञ्चारका उपकरण तथा पाटपूर्जा, हवाईजहाजका पाटपूर्जा, कच्चा पाल्म तेल लगायतका वस्तुहरुको आयात बढेको कारण त्यस तर्फको आयात बढेको हो । अमेरिकी डलरमा अन्य मुलुकतर्फको वस्तु आयात अघिल्लो वर्षको सोही अवधिमा ५.१ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा २२.१ प्रतिशतले बढ्न गई अमेरिकी डलर ६१ करोड १६ लाख पुगेको छ ।

41. समीक्षा अवधिमा कुल वस्तु व्यापार घाटा २७.४ प्रतिशतले वृद्धि भई रु. २२७ अर्ब ३६ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो व्यापार घाटा १७.१ प्रतिशतले बढेको थियो । कुल वस्तु व्यापार घाटामध्ये समीक्षा अवधिमा भारत र चीनसँगको व्यापार घाटा क्रमशः २४.७ प्रतिशत र ४८.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा भारतसँगको व्यापार घाटा २०.५ प्रतिशतले बढेको भएतापनि चीनसँगको व्यापार घाटा भने ७.२ प्रतिशतले घटेको थियो । त्यस्तै, अघिल्लो वर्षको सोही अवधिमा २४.१ प्रतिशतले बढेको अन्य मुलुकसँगको व्यापार घाटा समीक्षा अवधिमा २४.२ प्रतिशतले बढेको छ ।

42. वस्तु आयातको वृद्धिदर उच्च रहेको कारण समीक्षा अवधिमा निर्यात-आयात अनुपात ११.५ प्रतिशतमा झरेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात १४.२ प्रतिशत रहेको थियो ।

## शोधनान्तर स्थिति


43. आर्थिक वर्ष २०७१/७२ को चार महिनासम्ममा समग्र शोधनान्तर स्थिति रु. ६ अर्ब १८ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु. ६४ अर्ब ४४ करोडले बचतमा रहेको थियो । समीक्षा अवधिमा चालू खाता रु. ५ अर्ब ८६ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यो खाता रु. ४८ अर्ब १४ करोडले बचतमा रहेको थियो । वस्तु तथा सेवा आयात उच्च दरले बढ्नु, अनुदान रकम घट्नु र विप्रेषण आप्रवाह सीमान्त दरले बढ्नु जस्ता कारणहरुले गर्दा चालू खाता समीक्षा अवधिमा घाटामा रहन गएको हो । समीक्षा अवधिमा अमेरिकी डलरमा शोधनान्तर बचत ६ करोड १८ लाख डलर रहेको छ भने चालू खाता घाटा ६ करोड ९ लाख डलर रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर बचत ६४ करोड ८३ लाख डलर र चालू खाता बचत ४८ करोड ४० लाख डलर रहेको थियो ।

44. एफ.ओ.बी. मूल्यमा आधारित वस्तु व्यापार घाटा अघिल्लो वर्षको सोही अवधिमा १७.३ प्रतिशतले बढेको तुलनामा समीक्षा अवधिमा २७.६ प्रतिशतको उच्च दरले वृद्धि भई रु. २१८ अर्ब २० करोड पुगेको छ । समीक्षा अवधिमा खुद सेवा खाता रु. २ अर्ब ८१ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा खाता रु. २ अर्ब ९५ करोडले बचतमा रहेको थियो । त्यस्तै, खूद ट्रान्सफर आय अघिल्लो वर्षको

सोही अवधिको ४४.६ प्रतिशत वृद्धिको विपरीत समीक्षा अवधिमा ३.० प्रतिशतले ह्रास आई रु. २०१ अर्ब ९० करोड रहेको छ । ट्रान्सफर अन्तर्गत विप्रेषण आप्रवाह अघिल्लो वर्षको सोही अवधिको ४०.५ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा ०.८ प्रतिशतको सीमान्त दरले बढी रु. १८० अर्ब ३४ करोड पुगेको छ । अमेरिकी डलरमा विप्रेषण आय अघिल्लो वर्षको सोही अवधिको २३.१ प्रतिशत वृद्धिको तुलनामा समीक्षा अवधिमा २.७ प्रतिशतले वृद्धि भई १ अर्ब ८५ करोड पुगेको छ । मासिक रुपमा हेर्दा विप्रेषण आप्रवाह चालू आर्थिक वर्षको असोज महिनाको तुलनामा कार्तिक महिनामा ७.२ प्रतिशतले घटेको छ । त्यसैगरी, समीक्षा अवधिमा वित्तीय खाता अन्तर्गत रु. ९३ करोड ४८ लाख प्रत्यक्ष वैदेशिक लगानी भित्रिएको छ ।

## विदेशी विनिमय सञ्चिति

45. २०७१ कार्तिक मसान्तमा कुल विदेशी विनिमय सञ्चिति २०७१ असार मसान्तको रु. ६६५ अर्ब ४१ करोडको तुलनामा २.४ प्रतिशतले वृद्धि भई रु. ६८१ अर्ब ३१ करोड पुगेको छ । २०७० कार्तिक मसान्तमा यस्तो सञ्चिति २०७० असार मसान्तको तुलनामा १६.९ प्रतिशतले बढेर रु. ६२३ अर्ब ५० करोड रहेको थियो । कुल सञ्चिति मध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति २०७१ असार मसान्तको रु. ५७२ अर्ब ४० करोडको तुलनामा २०७१ कार्तिक मसान्तमा १.१ प्रतिशतले वृद्धि भई रु. ५७८ अर्ब ५८ करोड पुगेको छ । अमेरिकी डलरमा भने बैकिङ्ग क्षेत्रको कुल सञ्चिति २०७१ असारदेखि २०७१ कार्तिक मसान्तसम्ममा ०.३ प्रतिशतको सीमान्त दरले ह्रास आई अमेरिकी डलर ६ अर्ब ९२ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सञ्चिति १०.३ प्रतिशतले बढेको थियो । त्यसैगरी, समीक्षा अवधिमा अपरिवर्त्य भारतीय मुद्रा सञ्चिति ६.७ प्रतिशतले वृद्धि भई भा.रु. १०१ अर्ब ३२ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो सञ्चिति १५.७ प्रतिशतले बढेको थियो । आर्थिक वर्ष २०७१/७२ को चार महिनासम्मको आयातलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तर १०.८ महिनाको वस्तु आयात र ९.३ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।




## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

46. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०७० कार्तिक मसान्तमा प्रति व्यारल अमेरिकी डलर १०८.२५ रहेकोमा २०७१ कार्तिक मसान्तमा २८.४ प्रतिशतले ह्रास आई प्रति व्यारल अमेरिकी डलर ७७.५१ पुगेको छ । अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य उच्च दरले ह्रास आउनुमा मूलतः चिनीया, जापानी तथा युरोपियन मुलुकको अर्थतन्त्रमा सुस्तता आउनु, अमेरिका तथा साउदी अरेवियाले उत्पादन बढाउनु र तेल उत्पादन गर्ने राष्ट्रहरुको समूह (OPEC) ले उत्पादन कोटा यथावत राख्ने निर्णय गर्नु आदि प्रमुख कारण रहेका छन् । त्यसैगरी, सुनको मूल्य २०७० कार्तिक मसान्तमा प्रति आउन्स अमेरिकी डलर १२८७.२५ रहेकोमा २०७१ कार्तिक मसान्तमा ९.२ प्रतिशतले ह्रास आई प्रति आउन्स अमेरिकी डलर ११६९.० कायम रहेको छ ।

47. २०७१ असार मसान्तको तुलनामा २०७१ कार्तिक मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग २.६ प्रतिशतले अवमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ५.७ प्रतिशतले अवमूल्यन भएको थियो । २०७१ कार्तिक मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ९८.४६ पुगेको छ । २०७१ असार मसान्तमा उक्त विनिमय दर रु. ९५.९० रहेको थियो ।